## खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारीता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयक

# दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

आ.व. २०८१/०८२

मिति २०८२ साल बैशाख २६ गते,खजुरा गा.पा.वडा नं.८ रनीयापुर,बाँके




*सार्वजनिक सुनुवाई कार्यक्रममा आफ्नो भनाई तथा उठेका सवालको जवाफ राख्दै खजुरा गाउँपालिका अध्यक्ष श्री डम्बर बहादुर बि.क.ज्यू*

**सहजीकरण :**

**उत्पीडित सामुदायिक विकास केन्द्र, बाँके**

**(OCDC,Banke)**

कोहलपुर ११, बाँके

फोन नं. ०८१-५४०२७७

ईमेल :ocdcmidwest@gmail.com

**आयोजक :**

**खजुरा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

मानपुर, बाँके

(लुम्बिनी प्रदेश),नेपाल

# खजुरा गाउँपालिकाको
# दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**१.पृष्ठभुमि :** राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेही भएर उनीहरुको सवाल, समस्या र सरोकारहरुलाई यथोचित्त रुपमा सम्बोधन गर्नु पर्दछ । सार्वजनिक संस्थाका पदाधिकारीहरुले कसरी र कुन तौर तरिकाले काम गरिरहेका छन् भनेर नागरिकले चासो एवं निगरानी गरिरहेका हुन्छन् । त्यसैले राज्यका हरेक निकाय र संयन्त्रबाट नागरिकलाई प्रदान गरिने सेवा प्रभाह, सुविधा र विकास निर्माणको वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पदधारण गरेका हरेक पदाधिकारीहरुको जवाफदेही भित्र पर्दछ । यस्तो जवाफदेहिता अख्तियारप्राप्त पदाधिकारी र कार्यालयबाट सेवा प्राप्त गरेका सेवाग्राही नागरिकका विच गरिने सार्वजनिक सुनुवाईका माध्यामबाट खोज्न सकिन्छ । त्यसैगरी जवाफदेहि पदाधिकारीहरुले गर्ने गतिविधीका वारेमा आम नागरिकहरुले गुण र दोषका आधारमा मुल्याङ्कन गर्न पाउनु पर्छ । यो लोकतान्त्रीक मुलुकका नागरिकको नैर्सगिक अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका पदाधिकारीहरुका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्नोत्तर गर्ने, गुनासा र सवालहरु राख्ने र रचनात्मक सुझावहरु दिने सामुदायिक साझा मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले नागरिकहरुमा स्थानीय सरकारले नागरिकहरुलाई प्रदान गरेको र गरिरहेको सेवा प्रभाव एवं विकास निर्माण सम्बन्धी कामहरुको गुणस्तर कायम राख्न, सेवा प्रवाहमा रहेका खाडललाई पुरा गर्न तथा पालिका र वडा कार्यालय मार्फत भएका विकास योजना प्रति आम नागरिकको अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिता र जवाफदेहिताको प्रभावकारी अभ्यास गर्दै सुशासन कायम गर्नमा रचनात्मक भूमिका निर्वाह गर्दछ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा मिति २०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एक आपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको थियो । पाँच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाईको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रमले सर्वसाधारण नागरीकलाई अधिकारमा बसेका पदाधिकारीहरुको नजिक पुग्ने र आफ्ना असन्तुष्टी, गुनासा र सुझावहरु राख्ने अवसर प्रदान गर्ने भएकोले यसलाई **"सर्वसाधारणको पहुँच, अधिकारमा बस्नेहरु सम्म"** पनि भन्ने गरिन्छ ।

सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले मिति २०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धी निर्देशिका नै बनाएर यस कार्यलाई संस्थागत गरेको पाईन्छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१) मा सार्वजनिक सुनुवाई गराउनु पर्ने, सुशासन नियमावली, २०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४/४ महिनामा कम्तीमा एउटा सुनुवाई गर्नुपर्ने, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमुना) निर्माण  र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा भएको व्यवस्था अनुसार हरेक स्थानीय तहले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन, सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न र कार्यालयको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनकि सुनुवाई कार्यक्रम सञ्चालन गर्नुपर्ने नीतिगत व्यवस्था गरेको छ । सोहि कुरालाई मध्येनजर गर्दै खजुरा गाउँपालीकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) सहजीकरणमा खजुरा गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक अवधिमा संचालन गरेका विकास निमार्ण कार्यको गुणस्तरीयता र कार्यालयबाट प्रबाह गरिएको सेवा सुविधाको प्रभावकारिताबारे खजुरा गाउँपालिका वडा नम्बर ८ को वडा कार्यालयको प्राङ्गणमा १४१ बढी नागरिकहरुको सहभागीतामा मिति २०८२ साल बैशाख २६ गतेका दिन दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।

**२.कार्यक्रमका उद्धेश्यहरु :**

१. खजुरा गाउँपालिका, विषयगत शाखा र सबै वडा कार्यालयले सम्पादन गरेका काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तथा सर्वसाधारण तथा सरोकारवालाहरुको कानून सम्मत सरोकारलाई सम्बोधन गर्ने ।

२. खजुरा गाउँपालिकाको काम कारबाही, विकास निर्माण र भएको प्रगति बारे आमनागरिकहरुलाई जानकारी प्रदान गर्ने ।

३. खजुरा गाउँपालिकाले प्रदान गरेका सेवा प्रवाह र विकास निर्माणसँग सम्बन्धित समस्या, गुनासो र सुझावहरुको सुनुवाई गरी सोको व्यवस्थापन एवं उचित सम्बोधन गर्ने ।

४. खजुरा गाउँपालिकाको समग्र विकास र समृद्धिका बारेमा आम नागरिकहरुबाट पृष्टपोषण लिने ।

५.खजुरा गाउँपालिकालाई पारदर्शी, जवाफदेही र सुशासनयुक्त पालिका बनाउने ।

**३. सम्पन्न क्रियाकलापहरु/गतिविधिहरु :** खजुरा गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ (दफा ३०) को उपदाफा (१), सुशासन नियमावली, २०६५ को नियम १९, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमुना) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को (५) बमोजिम प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्दा तपसिलका क्रियाकलापहरु/गतिविधिहरु सम्पन्न गरिएको थियो ।

**३.१ ऐन, नियम, निर्देशिका र कार्यविधिहरुको अध्ययन** : गाउँपालिका र वडा कार्यालयहरुले प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन् ? ति कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाह गर्न नगरपालिका र वडा कार्यालयहरुका लागि कस्ता कस्ता खालका ऐन, नियम, निर्देशिका, कार्यविधिहरु लागु भएका छन् । माथिल्लो निकायका परिपत्रवाट पनि सेवा प्रदान र कार्य संचालनका लागि के कस्ता निर्देशन जारी भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने अध्ययन गरि नगरपालिका, वडा कार्यालयहरु तथा अन्य सेवा प्रदायक कार्यालयहरुले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् सो को तुलना गरी छलफल गर्नका लागि ऐन नियम र निर्देशिकाको अध्ययन गरी प्रावधान पत्ता लगाईएको थियो ।

**३.२ सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) :** गाउँपालिका, वडा कार्यालय तथा अन्य सेवाप्रदायक कार्यालयहरु : कृषि विकास शाखा, पशु सेवा शाखा, स्वास्थ्य शाखा, शिक्षा युवा तथा खेलकूद विकास शाखा, महिला, वालवालिका तथा जेष्ठ नागरिक शाखा, रोजगार शाखा, योजना शाखा आदिबाट सेवाग्राहीले सेवा सुविधा लिएर कार्यालयबाट बाहिर आए पछिको समयमा उनिहरुले लिएको सेवा सुविधाको विषयमा ७५ जना सेवाग्राहीको अभिमत, प्रतिक्रिया वा सुझाव संकलन गरिएको थियो ।

**३.३ नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) (Citizen Report Chart)** : आम खजुराबासी नागरिकहरु तथा सरोकारवालाहरुले गाउँपालिका, वडा कार्यालय र विषयगत शाखा कार्यालयले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियताका सम्वन्धमा सबै वडाका ७५ जनासँग नागरिक प्रतिवेदन पत्र (सन्तुष्टि वा असन्तुष्टि जनाउने) मार्फत अभिमत संकलन गरिएको थियो । जसबाट नागरिकले विभिन्न विषयमा प्रदान गरेको अभिमत, सुझाव र पृष्ठपोषणलाईलाई विश्लेषण गरी सार्वजनिक सुनुवाई कार्यक्रमका लागि प्रमुख सवालहरुको रुपमा पहिचान गरिएको थियो ।

**३.४ सार्वजनिक सुनुवाईको कार्यक्रमको मिति, समय र स्थान निर्धारण :** खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्मर बहादुर वि.क., उपाध्यक्ष श्री मञ्जु मल्ल, वडा नं. ०८ का वडा अध्यक्ष श्री फिरोज खान र प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) ,बाँकेका प्रतिनिधि विच छलफल पश्चात खजुरा गाउँपालिकाको वडा नं.०८, स्थित वडा कार्यालयको खुल्ला मैदानमा २०८२ साल बैशाख २६ गते शुक्रबारका दिन विहान ८:३० बजे दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गर्ने गरी मिति, समय र स्थानको निर्धारण गरिएको थियो ।

**३.५ सार्वजनिक सुनुवाईको कार्यक्रमको लागि सूचना सम्प्रेषण, प्रचार-प्रसार र पत्राचार :** खजुरा गाउँपालिकाको प्रथम सार्वजनिक सुनुवाई हुने सम्बन्धमा खजुरा गाउँपालिकाबासी आमनागरिक, संचार जगत , राजनीतिक दल, शिक्षक, युवा क्लब, खेलाडी, समाजसेवी एवं बुद्धिजीवि वर्ग लगायत सरोकारवाला निकायहरुको व्यापक सहभागिताका लागि कार्यक्रम आयोजना हुने मिति, स्थान र समयको बारेमा पालिकाको वेवसाईट, फेसबुक पेज, सार्वजनिक स्थानमा सूचना टाँस, निमणत्रणा पत्र, सबै वडा र टोलहरुमा माईकिङ्ग, पत्राचार एवं सार्वजनिक अनलाईन माध्यामबाट कार्यक्रमको आयोजना हुनु ७ (सात) दिन अगावै संस्थाका कर्मचारी एवं स्वयंसेवकहरुबाट व्यापक मात्रामा प्रचार-प्रसार गरिएको थियो । विशेष गरी वडा, पालिका र आयोजक संस्थाको तर्फबाट सहभागिताका लागि सबैलाई सूचना प्रवाह र आमन्त्रण गरिएको थियो । यसका साथै सामाजिक संजालको माध्यामबाट समेत सबैलाई जानकारी गराईएको थियो ।

**३.५ सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना :** खजुरा गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम खजुरा गाउँपालिकाको वडा नं.०८ को वडा कार्यालय रनीयापुरको प्राङ्गणमा २०८२ साल बैशाख २६ गते शुक्रबारका दिन विहान ८:३० बजे देखि प्रमुख जवाफदेही वक्ता खजुरा गाउँपालिकाका अध्यक्ष श्री डम्मर बहादुर वि.क.ज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । जसमा अन्य जवाफदेही वक्तामा, प्रमुख प्रशासकीय अधिकृत श्री बस बहादुर राना, वडा नं.०१ का वडा अध्यक्ष श्री मनबिर क्षेत्री, वडा नं.०७ का अध्यक्ष श्री राम गोपाल यादव, वडा नं. ८ का वडा अध्यक्ष श्री फिरोज खान, कार्यपालिका सदस्य कृष्ण कुमारी पोखेल वि.क., कार्यपालिका सदस्य श्री खमतुल निसा साई, कार्यपालिका सदस्य श्री सुब्बुनु धोबी चमार, वडा सदस्यज्यूहरु, वरिष्ठ लेखा अधिकृत श्री प्रदिप सुनार, शिक्षा युवा तथा खेलकूद विकास शाखाका श्री निर्मल रेग्मी, पूर्वाधार विकास शाखा प्रमुख इन्जिनियर सोनू शाह, स्वास्थ्य शाखा प्रमुख श्री लक्ष्मी के.सी., नागरिक आरोग्य सेवा केन्द्रका कविराज श्री किरण खनाल, सूचना प्रविधि शाखाका प्रमुख श्री शुरेश साहु, सा.सु.शाखाका श्री नर्बदा दाहाल, रोजगार सेवा केन्द्रका रोजगार संयोजक श्री लोकराज संज्याल, उद्यम विकास शाखाका श्री आशा चौधरी लगायतको उपस्थितिमा महत्वपूर्ण सवाल र बिषयहरुमा जवाफदेही निकायका पदाधिकारी तथा सेवाग्राही नागरिकहरु बीच आमुन्ने सामुन्ने वसी खुल्ला छलफल, बहस, रचनात्मक सुझाव र प्रश्न एवं जिज्ञासाहरुमा सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न गरिएको थियो ।

यस सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिक एवं सरोकारवालाहरुले पालिकाका जवाफदेही पदाधिकारीहरु समक्ष निर्धक्कका साथ गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरियता विषयमा सवाल/प्रश्न, जिज्ञासा र सल्लाह सुझावहरु दिएका थिए भने जवाफदेही पदाधिकारीहरुबाट प्रश्न, जिज्ञासा र सवालहरुको जवाफ एवं सुधार गर्नुपर्ने विषयमा नीतिगत सुधार सहितको ५ (पाँच) बुँदे प्रतिवद्धता समेत जाहेर गरिएको थियो ।

**४. सुनुवाई गरिएका विषयवस्तुहरु :-**

- गाउँपालिका, वडा तथा विषयगत शाखा कार्यालयले प्रवाह गर्ने सेवा सुबिधाको प्रभावकारिता ।
- गाउँपालिका कार्यालयको पारदर्शिता ।
- गाउँपालिकाले गरेका विकास निर्माण सम्बन्धी कार्यको गुणस्तरीयता सम्बन्धी ।
- गाउँपालिका तथा वडामा प्राप्त जनगुनासो संकलन र त्यसको यथोचित सम्बोधन ।
- नागरिक वडापत्रको र उजुरी पेटीकाको प्रभाबकारी प्रयोग ।
- लक्षित वर्गको कार्यक्रम ।
- सामाजिक सुरक्षा कार्यक्रम ।
- खेलकूद क्षेत्रको विकास, स्वास्थ्य, शिक्षा र युवा रोजगारी ।

**५. कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)** : खजुरा गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रम २०८२ साल बैशाख २६ गते बिहान ८:३० बजेदेखि ११ बजे सम्म जम्मा २:३ घण्टा सम्म संचालन भएको थियो ।

## ६. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका प्रश्न/सुझाव/जिज्ञासा र जवाफदेहि पदाधिकारीहरुको उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागिको प्रश्न/गुनासो /सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र पद | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १ | श्री गायत्री धोबी<br>खजुरा-०८, बाँके | १.जसको घर छैन उसलाई घर वा टिनको छाना सहयोग किन हुँदैन् ? जसको घर छ उसले मात्रै पाउने किन हो ?? | श्री फिरोज खान<br>(वडा अध्यक्ष) | • प्रश्नका लागि धन्यवाद, वडा कार्यालयको तर्फबाट कसैलाई पनि भेदभाव गरिएको छैन र जति छनौट भएका छन् ति सबै शहरी तथा भवन डिभिजन कार्यालयको तर्फबाट भएको हो र आगामी दिनमा जो विपन्न वर्ग छुटेका छन् उनीहरुलाई पनि कार्यक्रममा क्रमशः समेटिने छ। |
| | | २. हाम्रो घर भएको क्षेत्रमा वर्षे नी बाढी पसेर हैरानी भएको छ यसमा वडा/पालिकाले किन बजेट छुट्टाउँदैन् ? पानी खानको लागि नल समेत छैन, यसको लागि मैले कसलाई भन्ने ?? | श्री फिरोज खान<br>(वडा अध्यक्ष) | • यस कार्यको लागि नाला निर्माण भई रहेको छ र खानेपानीको लागि नल समेत जडान गरिने प्रतिवद्धता जाहेर गर्दछु। |
| २. | श्री आरिफ खान<br>खजुरा-०८, बाँके | १.विद्यालयमा पालिकाको तर्फबाट आएको बजेटको काम गर्नका लागि उपभोगता समिति गठन भएको ४ दिन पछि फेरी नयाँ समिति गठन भयो, के कारणले यस्तो भएको हो ?? | श्री फिरोज खान<br>(वडा अध्यक्ष) | • यस कार्यको लागि वडालाई कुनैपनि जानकारी नभएको र विल्ड इन भन्ने संस्थाको तर्फबाट यो काम भएको र यसमा पालिकासँगको समन्वयमा काम भएको हुनुपर्दछ र वडाको तर्फबाट कुनै प्रकारको हस्तक्षेप भएको छैन् । यसमाथि कुनै प्रकारको राजनीतिक प्रभावमा रहेर काम भएको छैन र आगामी दिनमा पनि त्यस्तो कार्य हुन नदिने प्रतिवद्धता गर्दछु। |
| ३. | श्री राज कुमारी थारु<br>खजुरा-०८, बाँके | १. मेरो घरबास बाटोमा परेको छ भनेर मैलै जोतभोग गर्दै आएको जमिनको राष्ट्रिय भूमि आयोगमा फाराम समेत भर्न पाएको छैन, के मेरो अब सडकको बास हुने हो ?? | श्री डम्बर बहादुर वि.क. (गाउँपालिका अध्यक्ष) | • हजुरको समस्या प्रति गाउँपालिका एकदमै गम्भिर रहेको छ । हजुरको मात्रै होईन यस पालिकामा रहेका सबै भूमिहिन सुकुम्बासीहरुलाई जग्गाको मालिक बनाउने कार्यमा यस पालिका गम्भिरतापूर्वक लागेको छ । यहि जेठ महिना भित्रमा केहीलाई लालपूर्जा दिने गरी प्रक्रिया अगाडी बढाईएको छ र हजुरको छुट भएको भए तत्काल पुनःफाराम भर्नका लागि आवश्यक प्रक्रिया बढाईने छ। |
| ४. | श्री सरीफुन निसा खान<br>खजुरा-८, बाँके | १. मेरो घर र टोलमा दुई-दुईपटक आगलागी भयो तर मैलै अझसम्म किन राहत नपाएको होला ? | श्री फिरोज खान<br>(वडा अध्यक्ष) | • वडाले पालिका र रेडक्रसलाई राहतका लागि सिफारिस गरेर पठाएको हो तर हाल सम्म किन राहत मिलेन त्यसको लागि मेरो तर्फबाट बुझेर राहतका लागि पहल गर्ने छु र आगामी दिनमा समयमा नै पिडितहरुलाई राहतको व्यवस्था गर्न पालिका र सम्वद्ध पक्षसँग पहल गरिने छ। |

| | | | | |
|---|---|---|---|---|
| | | २. जसको जग्गा जमीन छ उसले मात्रै जनता आवास पाएको छ ?? | श्री फिरोज खान (वडा अध्यक्ष) | • जग्गा जमीन भएकोलाई जनता आवास दिएको सन्दर्भमा विगतमा प्रदेश सरकार र संघीय सरकारले छनौट गरेको हुँदा केही कमजोरी भएको हुन सक्छ अव त्यस्तो किसिमको कमजोरी नहुने गरी परिवार छनौटका लागि पहल गरिने छ । |
| | | ३. महिला स्वास्थ्य स्वयंसेविकाले अवकास पाएको धेरै हुँदा समेत पाउनुपर्ने सुविधा किन पाएका छैनान् ?? | श्री लक्ष्मी के.सी. (स्वास्थ्य शाखा प्रमुख) | • रिटायर भएको स्वास्थ्य स्वयंसेविकाको सेवा सुविधाको रकम मध्ये पालकिाले दिनुपर्ने रकम सबै भुक्तानी गरि सकिएको छ र बाँकी प्रदेश र संघीय सरकारले दिनुपर्ने रकम हाल सम्म पालिकामा प्राप्त नभएको हुँदा दिन सकिएको छैन्, हाम्रो तर्फबाट निरन्तर फलोअफ भई रहेको छ र निकासा हुने वित्तिकै प्रदान गरिने छ । |
| ५. | श्री रफिक साई वि.व्य.स.अध्यक्ष | १. २०४४ साल देखि यस विद्यालय प्रा.वि. रहेको र हालसम्म कक्षा ५ मात्रै रहेको कक्षा ६ को लागि थप अनुमति नपाएको किन होला ?? १५ जना ५कक्षा उतीर्ण भएका विद्यार्थीहरुले विद्यालय जान पाएका छैनन् ?? कहिले हामीले कक्षा थपको अनुमति पाउँछम् ?? | श्री निर्मल रेग्मी (प्रा.स.शिक्षा, युवा तथा खेलकूद विकास शाखा ) | • गाउँ शिक्षा समितिले कक्षा थपको अनुमतिका लागि अनुगमन गरिरहेको छ र मापदण्ड पुरा नगरेका विद्यालयलाई यस वर्ष कक्षा थपका लागि अनुमति प्रदान नगर्ने नीति लिएको छ । |
| ६. | मो. हुसैन मिया खजुरा-८, बाँके | १. वडा र पालिकाको तर्फबाट स्थानीय स्तरमा हुने कुनैपनि कामको जानकारी गराउनु पर्ने, विद्यालय व्यवस्थापन समिति गठन गर्दा राजनीतिक रुपमा नगर्न अनुरोध छ । जनता र प्राविधिकहरुले पनि आफ्नो दायित्व पुरा गर्नुपर्ने देखिन्छ । वडा सदस्यले अध्यक्षलाई र अध्यक्षले वडा सदस्यलाई गल्ती देखाउने परम्परा रोकिनु पर्दछ | श्री बस बहादुर राना प्रमुख प्रशासकीय अधिकृत | • प्राविधिकको तर्फबाट योजना निर्माण भई रहेको बखत नियमित रुपमा अनुगमन र प्राविधिक सहयोग भई रहेको छ । पूर्वाधार निर्माण सम्बन्धी काम गर्दा प्राविधिकको सहयोग माग्ने बित्तिकै उपलब्ध हुनेछ । |
| | | २.दहवा चौकीसम्म जोड्ने सडक कहिले सम्म पीच हुन्छ ??? | श्री फिरोज खान (वडा अध्यक्ष) | • दहवा चौकी सम्म बाटो पुर्याउनका लागि वडाले पहल गरिरहेको छ र पालिकाले पनि यसमा सहयोग गर्नुपर्ने देखिन्छ । |
| ७. | श्री अनवरु हक खजुरा-८, बाँके | १. सुरक्षीत नागरिक आवास अर्न्तगत ६३ वटा घरको सम्झौता भएको तर सबैले टिनको छाना किन नपाएको होला ? | श्री फिरोज खान (वडा अध्यक्ष | • यस वर्ष छुटेको परिवारलाई टिनको छाना उपलब्ध गराईने छ। |
| | | | | |
| ८. | श्री इद्रिस अहमत खाँ खजुरा-८, बाँके | १. लुम्बिनी प्रदेश प्राविधिक विश्वविद्यालयबाट पीडित किसानलाई जबसम्म पूर्नस्थापना गर्न वडा र पालिकाको तर्फबाट के पहल भई रहेको छ ??? | श्री फिरोज खान (वडा अध्यक्ष | • वडाको तर्फबाट विश्व विद्यालय निर्माण हुने स्थानमा वर्षौ देखिन जोतभोग गर्दै आईरहेका किसानहरुलाई उचीत पूर्नस्थापना हुनुपर्ने स्पष्ट अडान रहेको छ । पालिकाको तर्फबाट समेत यसमा उचित पहल गरिनु पर्दछ । |
| | | | श्री डम्बर बहादुर वि.क. | • लुम्बिनी प्रादेशिक प्राविधिक विश्वविद्यालयबाट प्रभावित हुने वा |

| | | | | |
|---|---|---|---|---|
| | | | (गाउँपालिका अध्यक्ष) | विस्तापित हुने किसानलाई राहत र पूर्नस्थापनाका लागि पहिलो प्राथमिकता रहेको छ साथै यस पालिकामा रहेका भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अन्य अव्यवस्थित परिवारहरुलाई भूमिको मालिक बनाउने र लालपूर्जा वितरणको कार्यका लागि प्रमुख प्राथमिकताका साथ पालिकाले काम गर्ने छ । चाँडै नै केही वडाहरुमा लालपूर्जा वितरणका लागि प्रक्रिया समेत अगाडि बढेको जानकारी गाराउँद छु । |
| ९. | श्री ईम्रान खान<br>(प्राध्यापक)<br>खजुरा-८, बाँके | १. कुनै स्थानमा केही समस्या वा विवाद सिर्जना हुँदा जनप्रतिनिधिहरुलाई बोलाउँदा समेत नआउने किन होला ? | श्री फिरोज खान<br>(वडा अध्यक्ष | • वडाको तर्फबाट जनप्रतिनिधिहरुलाई जिम्मेवारी बाँडफाँड गरिएको छ र सोही अनुसार आगामी दिनमा जनताको समस्याप्रति जिम्मेवार बनाउन पहल गरिने छ । |
| | | २. प्रकोप व्यवस्थापनका लागि पालिका र वडाको योजना के रहेको छ ? | श्री डम्बर बहादुर वि.क.<br>(गाउँपालिका अध्यक्ष | • पालिकाको तर्फबाट प्रकोप एवं विपद् जन्य घटनाको लागि राहत, उद्दार र पूर्नस्थापनाका लागि यथेष्ट बजेट विनियोजन गरिएको छ र यस्ता घटना हुने बित्तिकै रेडक्रस, सामाजिक संघसंस्था, प्रहरी, युवा, समाजसेवी, जनप्रतिनिधि, कर्मचारी र राजनीतिक दलहरुसँग समेत सहकार्य र साझेदारी गर्ने गरी प्रतिकार्य योजना निर्माण भएको छ । |
| | | ३.शिक्षा अर्न्तगत गरिने हरेका क्रियाकलाप/कार्यहरुमा मापदण्ड ऐन नियमावलीमा भएको मापदण्ड पुरा गरिनुपर्ने र विद्यालय व्यवस्थापन समितिको गठन हुँदा तोकिएको शैक्षिक योग्यताको मापदण्ड खै पुरा गरेको ?? | | • गाउँपालिकाले शिक्षाको गुणस्तर सुधारका साथै दरबन्दी मिलान र विद्यालय मर्ज (गाभ्ने नीति) गर्ने नीति लिएको छ । विद्यालयको कक्षा थप लगायत विद्यालय व्यवस्थापन समितिको गठन र पूर्नगठनको कार्य शिक्षा ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम नै गरिने छ । समुदाय एवं क्षेत्रगत रुपमा पछाडी परेको मधेशी, मुस्लिम, दलित तथा आदिवासी समुदायको बसोबास रहेको ४ वटा विद्यालयको भौतिक पूर्वाधार विकासका लागि बिल्ड इन नेपालसँगको सहकार्यमा भवनहरु निर्माण भई रहेका छन् । |
| | | ४.वडा सदस्यहरुलाई क्षमता विकास सम्बन्धी योजना के छ ?? | | • सबै वडाका जनप्रतिनिधिहरुको क्षमता विकास, उहाँहरुको काम कर्तब्य र अधिकार, जिम्मेवारी एवं उत्तरदायित्वका विषयमा आवश्यकता अनुसार नियमित रुपमा पालिकाको तर्फबाट क्षमता विकासका तालिमहरुको व्यवस्था तथा आयोजना भई रहेको छ । |
| | | ५. जिर्ण विद्युतको पोलको विस्थापन र सिंचाई सम्बन्धी पालिकाको र वडाको योजना के छ ?? | | • यस वडा लगायत पालिका भरी रहेका जिर्णपोलहरुको विस्थापन र सिंचाईका लागि कृषि मिटर जडान र किसानको खेतबारीसम्म विधुतीकरणका लागि नेपाल विधुत प्राधिकरण समक्ष पालिकाको तर्फबाट पहल र उक्त कार्यका लागि बजेटको व्यवस्थापन समेत गरिने छ । |

| | | | | |
|---|---|---|---|---|
| | | ६. यस वडामा २० मेगावाटको सोलार प्लान्ट जडान भई व्यवसायिक रुपमा उत्पादन भईरहेको छ, जनताले जोतभोग गर्दै आईरहेको ऐलानी प्रति जग्गामा बाटो निकालेको छ तर यहाँका जनताले यसबाट के लाभ पाउछन् ? यसले स्थानीय रोजगारी कति सिर्जना गरेको छ ?? यसको अवस्था के छ ? यसले स्थानीय रोजगारीलाई प्राथमिकता दिनुपर्दछ । | | • यसै वडामा २० मेगावाट क्षमताको सौर्य विधुत प्लान्ट निर्माण भएको छ र यसबाट यहाँको जनतालाई बढी भन्दा बढी लाभ र रोजगारीको अवसर प्रदान गर्न तथा सामाजिक उत्तरदायित्व वहन गर्न सम्बन्धित पक्षसँग पहल गरिने छ र यो सवाल हजुरको जायज रहेको छ । |
| | | ७.पालिका र वडाले भौतिक पूर्वाधार निर्माणमा धेरै लगानी गरेको छ तर यसको निर्माण सामग्रीको गुणस्तर के छ ?? यसमा प्राविधिकले जवाफ दिनुपर्ने | श्री सोनू शाह<br>इन्जिनियर/प्राविधिक शाखा प्रमुख | • पालिकाको तर्फबाट भौतिक पूर्वाधार निर्माण सम्बन्धी योजनाहरुको गुणस्तर कायम गर्न नियमित रुपमा अनुगमन, प्राविधिक सल्लाह सुझाव र निर्माण सामग्रीहरुको ल्याब परिक्षण समेत गर्ने गरिएको छ । |
| | | ८. अहिले प्रत्येक वडाले वाईफाई जडान गरिरहेको छ, यसमा कुन प्रक्रिया र विधि अनुसार जडान गरिन्छ ?? | श्री बस बहादुर राना<br>प्रमुख प्रशासकीय अधिकृत | • वडाले बजेट विनियोजन गरेर सार्वजनिक स्थलमा फ्रि वाईफाई जडान गरेको छ । यसमा सबैको पहुँच हुने व्यवस्था मिलाइने छ । |

**७. सार्वजनिक सुनुवाई कार्यक्रममा उठाईएका मुख्य-मुख्य सवालहरु :** यस खजुरा गाउँपालिकाको दोस्रो चौमासिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागीहरुले घरघरमा प्राविधिकको सेवा, खेतखेतमा विधुतिकरण हुनुपर्ने, प्रहरी कार्यालयको व्यवस्थापन तथा सार्वजनिक शान्ति सुरक्षा कायम हुनुपर्ने, भौतिक पूर्वाधार विकास कार्यको गुणस्तरीयता कायम हुनुपर्ने, शिक्षाको गुणस्तर कायम हुनुपर्ने, लुम्बिनी प्रदेश प्राविधिक विश्व विद्यालयको अधिग्रहणमा परेका परिवारको उचीत व्यवस्थापन हुनुपर्ने, मधेशी, मुस्लिम र दलित समुदायको क्षमता विकास र शसक्तिकरणमा ध्यान दिईनुपर्ने, आयुर्वेदको सेवा विस्तार, स्वास्थ्य उपचार सहयोगमा मध्ययम वर्ग लगायत सबैलाई सहयोग गर्ने नीति लागु गरिनु पर्ने, किसानलाई समयमा मल र विउँबिजनको व्यवस्था हुनुपर्ने, भूमिहिन सुकुम्बासीको समस्या अविलम्ब समाधान हुनुपर्ने, स्थानीयलाई रोजगारीको अवसर, भौतिक पूर्वाधार विकास अर्न्तगत सडक, पुल पुलेसा आदिको गुणस्तर, स्वास्थ्य, खानेपानी,भत्किएका सडक तथा बाटोहरुको समयमा नै मर्मत संभार र वडा, पालिका तथा विषयगत शाखाहरुबाट प्रदान हुने सेवा प्रवाह लगायतका विषयहरुमा सहभागीहरुले सुझाव, जिज्ञासा, प्रश्न तथा गुनासो राखेको थिए ।

**८. सार्वजनिक सुनुवाई कार्यक्रममा गरिएका प्रतिवद्धताहरु र यसको सार्वजनिकरण :** सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरुले उठाएका प्रमुख सवाल तथा विषयहरु दिएका सुझाव, गुनासो तथा सुनुवाई कार्यक्रममा सोधिएका प्रश्न तथा जवाफदेही पदाधिकारीहरुबाट व्यक्त जवाफको आधारमा सुधारको ६ (छ) बुँदे साझा सार्वजनिक प्रतिवद्धता गरिएको थियो । पालिकाको तर्फबाट गरिएको प्रतिवद्धताहरुलाई सार्वजनिक संचारका माध्यामहरु र पालिकाको वेबसाईट मार्फ्त सबैले जानकारी पाउँने गरी सार्वजनिक गरिएको थियो । जुन **अनुसूची १** मा राखिएको छ ।

**९. सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिती विवरण :** राप्ती सोनारी गाउँपालिकाको आयोजना र उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke) बाँकेको सहजीकरणमा सम्पन्न भएको प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाका जनप्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि एवं प्रमुख, टोल विकास संस्थाका प्रतिनिधि, विभिन्न संघसंस्थाका प्रतिनिधि, सामुदायिक वन उपभोगता समुह र सबै वडाका सरोकारवाला एवं नागरिकहरुको सहभागिता रहेको थियो । जुन देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | महिला | पुरुष | जम्मा | दलित | जनजाति | मधेशी/मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ४९ | ६२ | १२१ | १४ | १५ | ७१ | २१ |

**१०. सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित जवाफदेही पदाधिकारीहरु :** मिति २०८२ साल बैशाख २६ गतेका दिन भएको कार्यक्रममा देहाय बमोजिमका जवाफदेही वक्ता/पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

| क्र.स. | नाम थर | कार्यालय, संस्था, समुहको नाम वा ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्मर बहादुर वि.क. | खजुरा गाउँपालिका | अध्यक्ष | |
| २ | श्री बस बहादुर राना | ,, ,, | प्र.प्र.अ. | |
| ३ | श्री मनबिर क्षेत्री | खजुरा गाउँपालिका वडा नं.०१ | वडा अध्यक्ष | |
| ४ | श्री रामगोपाल यादव | खजुरा गा.पा.वडा नं.०७ | वडा अध्यक्ष | |
| ५ | श्री फिरोज खान | खजुरा गा.पा.वडा नं.०८ | वडा अध्यक्ष | |
| ६ | श्री रामगोपाल यादव | खजुरा गा.पा.वडा नं.०७ | वडा अध्यक्ष | |
| ७ | श्री फिरोज खान | खजुरा गा.पा.वडा नं.०८ | वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण कुमारी पोखरेल बि.क. | खजुरा गाउँपालिका | का.पा. सदस्य | |
| ९ | श्री खमतुल निसा साई | खजुरा गाउँपालिका | का.पा. सदस्य | |
| १० | श्री सुब्बुनु धोवी चमार | खजुरा गाउँपालिका वडा नं.८ | का.पा. सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १० | श्री प्रदिप सुनार | खजुरा गाउँपालिका | वरिष्ठ लेखा अधिकृत | |
| ११ | श्री खगेन्द्रबहादुर मल्ल | शिक्षा युवा तथा खेलकूद विकास | प्रा.स. | |
| १२ | श्री सोनु शाह | पूर्वाधार विकास शाखा | शाखा प्रमुख/इन्जिनियर | |
| १३ | श्री लक्ष्मी के.सी | स्वास्थ्य शाखा | शाखा प्रमुख | |
| १४ | श्री शुरेश साहु, | सूचना प्रविधि शाखाक | शाखा प्रमुख | |
| १५ | श्री किरण खनाल | नागरिक आरोग्य सेवा केन्द्रका | कविराज | |
| १६ | श्री लोकराज संज्याल | रोजगार सेवा केन्द्र | रोजगार संयोजक | |
| १७ | श्री नर्वदा दाहाल | पञ्जिकरण शाखा | एम.आइ.एस.अपरेटर | |
| १८ | श्री आशा चौधरी | उद्यम विकास शाखा | उद्यम विकास सहजकर्ता | |

**११. सार्वजनिक सुनुवाई कार्यक्रमको उपलब्धिहरु :** खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता सम्बन्धमा दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न पश्चात देहायका उपलब्धिहरु हासिल भएको देखिन्छ ।

- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुबाट गरिएका काम र महत्वपूर्ण कार्यप्रगतिको बारेमा आम खजुराबासी नागरिकहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षलाई जानकारी प्राप्त भएको छ ।
- पालिकाले गरेका राम्रा कामहरुको सकारात्मक रुपमा सन्देश प्रवाह भएको छ ।
- खजुरा गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयले प्रदान गर्ने सेवा र सुबिधाका तथा विकास निर्माण सम्बन्धी कार्यको बारेमा प्रमुख जिम्मेवार पदाधिकारीसँग बृहत एवं खुल्ला छलफल र बहस गरी आम खजुराबासी नागरिकको अभिमत र धारणा बुझ्ने अवसर प्राप्त भएको छ ।
- स्थानीय जनसमुदायका समस्या, गुनासो, सवाल तथा रचनात्मक सुझावहरु प्राप्त भएको छ । आगामी दिनमा गाउँपालिकाले सुधार गर्नुपर्ने क्षेत्र र सम्बोधन गर्नुपर्ने नागरिकका महत्वपूर्ण सवालहरु पहिंचान भएका छन् ।
- समग्रमा पालिकाको सुशासन र सार्वजनिक जवाफदेहिता प्रवर्द्धनमा टेवा पुगेको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको प्रभाबकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न र गाउँपालिकाले आगामी दिनहरुमा सुधार गर्नुपर्ने क्षेत्र र कामहरुको बारेमा आम नागरिक एवं सरोकारवाला पक्षहरुबाट रचनात्मक पृष्ठपोषण, सल्लाह तथा सुझावहरु प्राप्त भई पालिकाले आगामी दिनमा गर्नुपर्ने कामहरुको योजना निर्माणमा सहयोग पुगेको छ ।
- पालिका, वडा कार्याालय र विषयगत कार्यालयहरुले वहन गर्नुपर्ने नागरिक उत्तरदायित्व बृद्धि हुनुका साथै र पालिकालाई जनमैत्री र शुसासनयुक्त पालिका बनाउन महत्वपूर्ण भूमिका खेल्ने ।
- गाउँपालिकाले सेवाग्राहीबाट आएका गुनासो सुनुवाई गर्न तत्काल र दीर्घकालिन रुपमा गर्नुपर्ने ६ (छ) बुंदे प्रतिवद्धताको घोषणा गरिएको छ ।
- पछाडी परेको समुदाय, क्षेत्र र वर्गको महत्वपूर्ण सवाल तथा समस्याहरु जिम्मेवार पदाधिकारीहरुलाई जानकारी प्राप्त भएको छ ।

**१२.सुझाव तथा निष्कर्ष :** यस गाउँपालिकालाई सुशासनयुक्त, पारदर्शि र जनमैत्री पालिका बनाउन नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, गुनासो पेटिका, स्थानीय न्यायिक समिति मार्फत स्थानीय स्तरमा हुने साना प्रकारका विवादहरुको निरुपण समयमा नै सम्पन्न गर्न र मेलमिलापकर्ताकहरुको क्षमता विकास, विकास निर्माण कार्यको गुणस्तरीयता कायम राख्न योजना स्थलमा सार्वजनिक सूचना पाटीको व्यवस्था, सार्वजनिक परिक्षण, पालिका स्तरीय मूल्याङ्कन तथा अनुगमन समितिको तर्फबाट नियमित रुपमा अनुगमन मूल्याङ्कन लगायतका कार्य गरेको पाईन्छ, भने विकासको दृष्टिकोणले पछाडि परेको समुदायको सघन वस्ती रहेको क्षेत्र र विकट स्थानलाई पहिलो प्राथमिकता राखी विकास निर्माणको कार्य अगाडी बढाएको छ । गाउँपालिकाको कार्यालयमा सबै विषयगत शाखाहरुको स्थापना र सोही शाखामार्फत आफ्नो क्षेत्राधिकार भित्रमा पर्ने कामहरु गर्नका लागि उत्तरदायी बनाईएको देखिन्छ । आगामी दिनमा पालिकाले प्रवाह गर्ने सेवा सुविधाको प्रभावकारीता अभिबृद्धि गर्न र विकास निर्माणको कार्यलाई अझै गुणस्तीय, दीगो, व्यवस्थित, जनमैत्री एवं पारदर्शी बनाउन देहाय बमोजिमको नीतिगत व्यवस्था एवं कार्यहरु गर्न आवश्यक देखिन्छ ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम पालिकाले चौमासिक अवधिमा नियमित गर्नुपर्ने ।
२. सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
३. कार्यक्रममा सबै वडाका वडा अध्यक्ष र विषयगत शाखा प्रमुखहरुको अनिवार्य सहभागिता रहने गरी समन्वय गर्नुपर्ने ।
४. पालिकाको तर्फबाट नागरिक अभिमत सर्वेक्षण गरिनुपर्ने ।
५. पालिका र सबै वडा कार्यालयहरु नागरिक वडापत्र राखि समय-समयमा अध्यावधिक गरिनु पर्ने ।
६. पालिकाले सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि निर्माण गरी सोही बमोजिमको कार्य गर्नुपर्ने ।
७. मधेशी मुस्लिम दलित लगायत लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरणका लागि ऐन र कार्यविधि निर्माण गरी सोहि ऐन र कार्यविधि बमोजिम काम गर्नुपर्ने ।
८. गाउँपालिकाले सबै क्षेत्रको यथोचित विकास गर्न दिर्घकालिन योजना (मास्टर प्लान), आवधिक योजना र मध्ययमकालिन खर्च संरचना तयार गरी सोही बमोजिम वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमा गरी कार्यान्वयन गरिनुपर्ने ।
९. मानवीय एवं सामाजिक पूँजी निर्माण र आर्थिक विकासमा उचीत ध्यान दिईनुपर्ने ।

## अनुसूची-१

### दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा जारी गरिएको प्रतिवद्धताहरुः

मिति : २०८२/०१/२६ गते

स्थान : खजुरा गाउँपालिका वडा नं.०८, बाँके

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुशासन (व्यवस्थापन तथा सञ्चाल) ऐन, २०६४ को दफा (३०) को उपदफा (१) तथा नेपालको प्रचलित कानून वमोजिम यस खजुरा गाउँपालिकाको सुशासन र जवाफदेहिता प्रवर्द्धन गरिने छ र गाउँपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयमा रहेको नागरिक वडापत्र सबैले देख्ने ठाऊमा राखी नियमित रुपमा अध्यावधिक गरिने छ।

२. यस गाउँपालिकाको वडा नं.०८ मा स्थापना भई संचालनको क्रममा रहेको लुम्बिनी प्रादेशिक प्राविधिक विश्वविद्यालयले अधिग्रहण गर्ने जमिनमा वर्षौ देखि आश्रित जोतभोग र बसोबास गर्दै आईरहेका परिवारको उचीत व्यवस्थापन र पूर्नस्थापनाका लागि संघीय सरकार तथा प्रदेश सरकार, लुम्बिनी प्रादेशिक विश्वविद्यालयको व्यवस्थापन टिम लगायत सबै सरोकारवाला पक्षहरुसँग आवश्यक संवाद, समन्वय र सहकार्य गर्दै संचालनमा ल्याईने छ।

३. भूमिहिन सुकुम्बासी तथा भौतिक पूर्वाधार निर्माणको क्रममा विस्थापित परिवारलाई पुर्नस्थापना र लालपूर्जा वितरणका लागि नापनक्शा, तथ्याङ्कको संकलन र अनलाइन इन्ट्रि, जनशक्ति व्यवस्थापन लगायतका सम्पूर्ण कार्यहरु गरीने छ।

४. वडा नं.०८ मा अत्यन्तै जिर्ण अवस्थामा रहेका बिजुलीका पोलको विस्थापन, खेतीयोग्य जमिनमा सिंचाईका लागि विधुत विस्तार र कृषि मिटरको प्रबन्ध र सौर्य प्लान्ट संचालन गरेवापत सामाजिक उत्तरदायित्व वहन अर्न्तगत यस वडाबासीलाई रोजगारी लगायत अन्य सुविधा उपलब्ध गराउन नेपाल विधुत प्राधिकरण र सौर्य उर्जा निर्माण कम्पनीको व्यवस्थापन पक्षसँग आवश्यक पहल गरिने छ।

५. दरबन्दी मिलान, विद्यालय मर्जिङ्ग, जनशक्ति व्यवस्थापन, शैक्षिक पूर्वाधारको निर्माण, विद्यालय व्यवस्थापन समिति गठन गर्दा तोकिए बमोजिमको शैक्षिक योग्यता भएको वि.व्य.स.अध्यक्षको चयन र प्रभावकारी मुल्याङ्कन अनुगमन गरी सामुदायिक शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धी बनाइने छ।

६. गाउँपालिकामा रहेका मधेशी, मुस्लिम, आदिवासी जनजाति, दलित तथा अल्पसंख्यक समुदायको उत्थान, विकास र शसक्तिकरणका लागि सबै सरोकारवाला निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स.(NGO/INGOs) हरुसँग सहकार्य र साझेदारी विकास गर्दै आवश्यक कार्यक्रमहरु संचालनमा ल्याईने छ।

६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि केन्द्रिय तथा जिल्ला भूमि समस्या समाधान आयोगसँग आवश्यक समन्वय र सहकार्य गरी लगत संकलन, अनलाईन ईन्ट्री, जग्गाको नापनक्शा लगायतका कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाईने छ।

| | | |
|---|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| नाम,थर : बसबहादुर राना . | नाम,थर : फिरोज खाँन | नाम,थर : डम्मरबहादुर वि.क. |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : वडा अध्यक्ष | पद : गाउँपालिका अध्यक्ष |
| खजुरा गाउँपालिका, बाँके | खजुरा गाउँपालिका वडा नं.८, बाँके | खजुरा गाउँपालिका, बाँके |

## अनुसूची-२
## सार्वजनिक सुनुवाइमा जारी गरिएका सहभागि तथा जबाफदेहिबक्ताले पालना गर्नुपर्ने आचारसंहिता :

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

## अनुसूची-३

## गाउँपालिकाले प्रदान गरेको सेवा सुविधाको प्रभावकारिता र विकास निर्माण कार्यको गुणस्तरीयता विषयमा गरिएको नागरिक प्रतिवेदन (Citizen Report Card) पत्रको नतिजा

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

**अभिमत संकलन गरिएको संख्या : ७५ जना**

### प्रश्नावली भाग-१

खजुरा गाउँपालिकाको दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउन नागरिक प्रतिवेदन पत्र संकलन गरिएको छ । नागरिक प्रतिवेदनपत्र समग्र खजुरा गाउँपालिकाका सबै वडाबाट जम्मा ७५ जना नागरिकबाट संकलन गरिएको छ । यी ७५ जनाले सम्पूर्ण वडाबासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

| | |
|---|---|
| १ | **सिफारिस सम्बन्धी** |
| | १.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ (८०%) ठीकै पाएँ (२०% ) स्पष्ट पाइँन ( )<br>१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पऱ्यो ?<br>दिएँ (०) थोरै दिएँ (०) मागिएन र दिइएनपनि (५०%) थाह भएन (५०% )<br>१.३ त्यहाँ बाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ?<br>आफै ( ५०%) जनप्रतिनिधि (५०%) नेता ठूला मान्छे (०)<br>१.४ राजस्व कोकसँग उठाउने गर्दछन ?<br>सबैसँग उठाउँछन (१००%) सिमित व्यक्तिसँग मात्र उठाउँछन (०) आयको आधारमा उठाउँछन (०)<br>१.५ शूल्क, सेवा दस्तुर को-कससँग उठाउने गर्दछन ?<br>सेवाग्राहीसँग उठाउने गरेको छन (१००%) कुनै-कुनै सेवाग्राहीसँग उठाउने गरेका छन (०) |
| २ | **पूर्वाधार, वातावरण र सरसफाई सम्बन्धी** |
| | २.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो (३०%) ठीकै (४०%) खराब (०) थाह छैन (३० %)<br>२.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ (१०% ) पटक-पटक भनेपछि मात्रै हुन्छ (३०%) थाह छैन (६०% )<br>२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धि कार्यक्रम के -कस्तो किसिमले गर्छ ?<br>नियमित र राम्रोसँग (०) ठीकै गर्छ (५०%) नियमित रुपमा गर्दैन (०) थाह छैन न (५०%)<br>२.४ तपाईको गाउँपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?<br>राम्रो (२०%) ठीकै (५०% ) खराव (०) हेर्न बाँकी छ (३०%)<br>२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कति प्रभावकारी छन?<br>प्रभावकारी छन (१०%) ठीक छन (६०% ) प्रभावकारी छैनन (०) थाह भएन (३० %)<br>२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ?<br>सहज (०) असहज (०) ठिकै (६०%) अप्ठयारो ( १० % ) थाह छैन (३०% )<br>२.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ?<br>पर्दैन (५४०% ) मागेरै लिन्छन ( ) रकम नदिए अप्ठ्यारो पार्छन (६% ) थाह भएन (४०%)<br>२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>सजिलै पाइयो (३०%) कहिलेकाँही पाइयो (१०% ) मागगर्दा पनि पाईएन (०) थाह भएन (६०%)<br>२.९ गाउँपालिकामा विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सजिलै पाइन्छ (०) सोधेपछि पाइन्छ (५०% ) सोधे पनि पाइदैन (०) सोधिएको छैन (५०%)<br>२.१० गाउँपालिकाबाट आचार संहिता पालना भएको छ ?<br>पालना भएको छ (०) ठीकै पालना भएको छ (५०%) थाह छैन (५०%)<br>२.११ आयोजना संचालनगर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छु (२०%) ठीकै सहयोग पाएको छु (२०%) निरुत्साहित गरिन्छ ( ) थाहा भएन (६०%) |

| | |
|---|---|
| ३ | **गाउँपालिकाको वित्तीय व्यवस्थापन** |
| | ३.१ आर्थिक श्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध (६०% ) कम श्रोत उपलब्ध (२०% ) अतिकम श्रोत उपलब्ध ( ) थाह भएन ( २०%)<br>३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>अति सरल ( २० % ) ठीकै (६०% )जटिल ( ) जानकारी छैन (२०%)<br>३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ?<br>आवश्यक सीप छ (७०%) आवश्यकता भन्दा कम छ (३०%) सीप निकै कम छ ( )<br>३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?<br>टाँसेको देखेको छु ( ) कहिलेकाहीँ टाँसेको देखिन्छ (५०%) खै कतै देखिएन (२०% ) गा.पा.को फेसबुक पेजमा देखिन्छ (३० %)<br>३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?<br>छ (२०%) ठिकै मूल्याङ्कन हुने गरेको छ (४०% )कहिले पनि भएको थाहा छैन ( ) थाह छैन (४०%)<br>३.६ कार्य संचालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (२०%) ठीकै (३०%) कुनै जानकारी छैन (५०%) |
| ४ | **पारदर्शिता सम्वन्धी** |
| | ४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>धेरै जानकारी पाएको छु (१०%) ठीकै जानकारी पाएको छु (३०%) कम जानकारी पाएको छु (१०%) थाह छैन (५०%)<br>४.२ गाउँपालिकाले निमार्ण गरेका ऐन, नियम, नीति निर्णय, बजेट कार्यक्रम, कार्यप्रगती आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ (५०%) हुने गरेको छैन ( ) जानकारी छैन (५०%)<br>४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?<br>वेवसाइट (२०%) सूचना पाटी (१०%) पत्रपत्रिका र मिडिया (६०%) सार्वजनिक सुनुवाई (१०%)<br>४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ?<br>सहजै पाए (१०%) धेरै पटक भनेपछि पाए (२०% ) पाइन ( ) थाह छैन (७०%) |

## नागरिक प्रतिवेदन पत्र

## प्रश्नावली भाग-२

| | |
|---|---|
| १ | **सिफारिस सम्बन्धी** |
| | १.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?<br>पाएँ (८०%) ठीकै पाएँ (२०% ) स्पष्ट पाइँन ( ० )<br>१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकमदिनु पऱ्यो ?<br>दिएँ ( ० ) थोरै दिएँ ( ० ) मागिएन र दिइएन पनि (१००%)<br>१.३ त्यहाँ बाट दिने सिफारिस लिदाँ कसको सहयोग लिनु भयो ?<br>आफै (७०%) मध्यस्थकर्ता वा दलका कार्यकर्ता एकै मान्छे (२०%) नेता/ठूलाबडा (१० %)<br>१.४ राजस्व कोकसँग उठाउने गर्दछन ?<br>सबैसँग उठाउँछन (८०%) सिमित व्यक्तिसँग मात्र उठाउँछन ( ० ) आयको आधारमा उठाउँछन (२०%)<br>१.५ शूल्क, सेवा दस्तुर को-कससँग उठाउने गर्दछन ?<br>सेवाग्राहीसँग उठाउने गरेको छन (१००%) कुनै-कुनै सेवाग्राहीसँग उठाउने गरेका छन (0) |
| २ | **पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी** |
| | २.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?<br>राम्रो (३०%) ठीकै (५०%) खराब (२०%)<br>२.२ कार्यालयमा सेवाप्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?<br>तुरुन्तै हुन्छ (३०%) पटक-पटक भनेपछि मात्रै हुन्छ (६०%) जति भनेपनि हुन्न (१०% )<br>२.३ तपाईको विचारमा गाउँपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के-कस्तो किसिमले गर्छ ? |

| | |
|---|---|
| | नियमित र राम्रोसँग (३०%) ठीकै गर्छ (६०%) नियमित रुपमा गर्दैन (१०%)<br>२.४ तपाईको गाउँपालिकामा विकास निमार्णको स्थिति कस्तो छ ?<br>राम्रो (३०%) ठीकै (६०% ) खराव (१०%)<br>२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरु कत्तिका प्रभावकारी छन ?<br>प्रभावकारी छन् (४०%) ठीक छन् (५०%) प्रभावकारी छैनन (१०%)<br>२.६ स्थानीय सरकारमा आयोजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ?<br>सहज (३०% ) असहज (०) ठिकै (६०%) अप्ठयारो (१०% )<br>२.७ गाउँपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ?<br>पर्दैन (१००% ) मागेरै लिन्छन (०) रकम नदिए अप्ठ्यारो पार्छन (०)<br>२.८ आयोजना संचालन गर्दा गाउँपालिकाबाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?<br>सजिलै पाइयो (७०%) कहिलेकाँही पाइयो (२०%) मागगर्दा पनि पाईएन (०)<br>२.९ गाउँपालिकामा विकास निमार्णका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?<br>सजिलै पाइन्छ (३०%) सोधेपछि पाइन्छ (५०% ) सोधे पनि पाइदैन (२०%)<br>२.१० गाउँपालिकाबाट आचार संहिता पालना भएको छ ?<br>पालना भएको छ (४०%) ठीकै पालना भएको छ (६०%) कत्तिपनि पालना भएको छैन (०)<br>२.११ आयोजना संचालनगर्दा गाउँपालिकाबाट कतिको सहयोग पाउनु भएको छ ?<br>धेरै सहयोग पाएको छु (२०%) ठीकै सहयोग पाएको छु (८०%) निरुत्साहित गरिन्छ (०) |
| ३ | **गाउँपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन** |
| | ३.१ आर्थिक श्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध (४०% ) कम श्रोत उपलब्ध (३०%) अतिकम श्रोत उपलब्ध (३०%)<br>३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>अति सरल (६०%) ठीकै (३०%) जटिल (१०%)<br>३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ?<br>आवश्यक सीप छ (१००%) आवश्यकता भन्दा कम छ (०) सीप निकै कम छ (०)<br>३.४ गाउँपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो?<br>टाँसेको देखेको छु (०) कहिलेकाहीँ टाँसेको देखिन्छ (३०%) खै कतै देखिएन (२०% ) गा.पा.को वेवसाईट र फेसबुक पेजमा देखिन्छ (५०%)<br>३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?<br>छ (४०%) ठिकै मूल्याङ्कन हुने गरेको छ (५०% ) कहिले पनि भएको थाहा छैन (१०%)<br>३.६ कार्य संचालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट (३०%) ठीकै (५०%) कुनै जानकारी छैन (२०%) |
| ४ | **पारदर्शिता सम्वन्धी** |
| | ४.१ यस गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?<br>धेरै जानकारी पाएको छु (४०%) ठीकै जानकारी पाएको छु (३०%) कम जानकारी पाएको छु (३०%)<br>४.२ गाउँपालिकाले निमार्ण गरेका ऐन, नियम, नीति निर्णय, बजेट कार्यक्रम, कार्यप्रगती आदी सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ (६०%) हुने गरेको छैन (१०%) जानकारी नै छैन (३०%)<br>४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?<br>वेवसाइट (३०%) सूचना पाटी (३०%) पत्रपत्रिका र मिडिया (१०%) सार्वजनिक सुनुवाई (३०%)<br>४.४ गाउँपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ ?<br>सहजै पाए (५०%) धेरै पटक भनेपछि पाए (३०%) पाइन (१०%) वास्ता नै गरिएन (१०%) |

# सेवाग्राही बहिर्गमन अभिमत
## (Exit Poll)

खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको विषयमा खजुरा गाउँपालिकाको आ.व.२०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई प्रभावकारी बनाउनका सेवाग्राही बहिर्गमन अभिमत (Exit Poll) पनि अत्यन्त आवश्यक रहेको हुन्छ । सार्वजनिक सुनुवाईलाई अझ प्रभावकारी र अर्थपूर्ण बनाउने अभिप्रायले सेवाग्राही बहिर्गमन अभिमत संकलन गरिएको छ । बहिर्गमन अभिमत ७५ जना सबै वडाका सेवाग्राहीबाट संकलन गरिएको थियो यस सम्पुर्ण पालिका वासीको प्रतिनिधित्व गर्ने अपेक्षा गरिएको छ ।

| सि.नं. | सेवाको नाम | स्वःमूल्यांकन -उपयुक्तकोठामा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईको धारणा के-कस्तो छ ? | अति स्पष्ट (३५%) | ठीकै (६५%) | अस्पष्ट (०) |
| २ | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (५५%) | ठीकै (३०%) | थेरै (०) |
| ३ | तपाईले प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण (५०%) | ठीकै (५०%) | अभद्र/अमर्यादित (०) |
| ४ | सेवाप्राप्तगर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क - दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरि दिए (३०%) | ठीकै (७०%) | अलमल हुने गरि अस्पष्ट सुचना दिए ( ०) |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (३५%) | ठीकै (६५%) | समाधान दिन सकेनन् (०) |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (३०% ) | ठीकै (७०%) | लामो (०) |

**७. कार्यालयको कुन-कुन पक्षहरु धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

– यसैगरी हामिले कार्यालयको कुन कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ? भनि प्रश्न सोधेका थियौ । जसमा राम्रा लागेका कुराहरु र सुधार गर्नुपर्ने विषयहरु यसप्रकार प्रस्तुत गरिएको छ ।

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| – वडा, विषयगत शाखा तथा पालिकाको कार्यालय परिसरमा सूचना पार्टी राखिएको छ ।<br>– कार्यालयको सूचना पार्टीमा आवश्यक सबै सुचनाहरु राखिएका हुन्छन् ।<br>– पालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारी मिलनसार र सहयोगी छन् ।<br>– वडा कार्यालयहरुबाट आवश्यक पर्ने सबै सेवा प्रवाह गरिएको छ ।<br>– जनप्रतिनिधिहरु र कर्मचारीहरु सहयोगी र मिलनसार रहेका छन् ।<br>– गाउँपालिकाले सबै वडाको सन्तुलित विकास र जनताको आवश्यकतालाई सम्बोधन हुने गरी विकास निर्माणको कार्य अगाडी बढाएको छ ।<br>– गाउँपालिकाले दीगो रुपमा प्रतिफल प्रदान गर्ने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने र दिर्घकालिन महत्वका ठुला आयोजनाहरुको निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको ।<br>– पालिकाले सुशासन, पारदर्शिता र जवाफदेहिता अभिबृद्धिका लागि आफ्नो वेभसाइटमा सबै सूचना तथा जानकारीहरु राखेको, नियमित रुपमा अध्यावधिक | – पालिका र वडामा रहेको नागरिक वडा पत्रको नियमित रुपमा अध्यावधिक गरेर सबैले देख्ने स्थानमा राखिनुपर्ने ।<br>– ढल निकास, विद्युत र भत्किएका सडकहरुको नियमित रुपमा मर्मत संम्भार गरिनु पर्ने ।<br>– पालिका तथा वडा कार्यालयमा समयमा नै जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको उपस्थिति हुनुपर्ने ।<br>– बिजुली बत्तीको सुधार गरिनुपर्ने । (जिर्ण पोलको स्थानान्तरण, विस्तार र लो भोल्टेजको लागि ट्रान्सफर्मर जडान आदि)<br>– खानेपानी समस्याको समाधान र भएका खानेपानी आयोजनाको गुणस्तरमा ध्याँन दिनुपर्ने ।<br>– लक्षित वर्गको आर्थिक सामाजिक रुपान्तरण हुने खालका कार्यक्रमहरु संचालन गरिनु पर्ने ।<br>– युवाहरुलाई स्वरोजगार सिर्जना हुने र युवाको समग्र विकासमा टेवा पुग्ने खालका योजना तथा कार्यक्रम संचालन गरिनु पर्ने ।<br>– खेल क्षेत्रमा विशेष ध्याँन दिँदै आवश्यक मात्रामा खेल मैदानको निर्माणमा ध्याँन दिनुपर्ने ।<br>– गाउँपालिका तथा वडा कार्यालयबाट हुने तालिम तथा अन्य लक्षित वर्ग उत्थान सम्बन्धी कार्यक्रमको बारेमा सबैलाई जानकारी गरिनु पर्ने । |

| | |
|---|---|
| (Update) गरेको छ ।<br>– स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम नियमित रुपमा गाउँ सभा र कार्यपालिका बैठकहरु बसी आवश्यक ऐन, नियम, कार्यविधि तथा नीतिगत निर्णय गरी प्रभावकारी रुपमा गाउँपालिकाको कार्य संचालन भएको ।<br>– यस पालिकामा न्यूतम शहरी पूर्वाधारहरुको विकास गर्दै पालिकालाई आवासीय, व्यवसायिक, पर्यटकिय, शैक्षिक, स्वास्थ्य, स्वच्छ, सुरक्षित एवं वातावरण मैत्री पालिका निर्माणमा यथेष्ट ध्यान दिईएको छ ।<br>– राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रकाशित गरेको **स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनमा** यस गाउँपालिकाले ५४.०४ प्रतिशत प्राप्त गरेर बाँकेमा चौथो स्थानमा रहन सफल रहेको छ ।<br>– चालु आ.व.का धेरै जसो आयोजनाहरु निर्माणको अन्तिम चरणमा रहेका छन् । | – सकुम्बासी भूमिहिनलाई लालपुर्जा वितरणमा ध्यान दिनुपर्ने ।<br>– टोल विकास संस्थाको संस्थागत विकास, क्षमता विकास र प्रभावकारी परिचालनमा ध्यान दिईनु पर्ने ।<br>– सहकारी संस्थाको नियमित अनुगमन, मुल्याङ्कन र परिचालनमा उचीत ध्यान दिईनुपर्ने ।<br>**<u>पशु सेवा कार्यालय :</u>**<br>– पशुमा देखिने रोगहरुका बारेमा टोलहरुमा जनचेतना गराउनु पर्ने ।<br>– पशु सेवा कार्यालयले दिने सेवाहरुका बारेमा नागरिक वडा पत्रमा उल्लेख गरी राख्नु पर्ने ।<br>– अनुदानको सूचना टोल विकास संस्था सम्म पुग्ने व्यवस्था मिलाउनु पर्ने ।<br>**<u>स्वास्थ्य सेवा कार्यालय :</u>**<br>– टोलहरुमा घुम्ती शिविरको आयोजना गरी उपचार र स्वास्थ परामर्श प्रदान गरिनु पर्ने ।<br>– स्वास्थ्य सेवा केन्द्रहरुको सामाजिक परिक्षण गरिनु पर्ने ।<br>– आधारभूत स्वास्थ्य केन्द्रका जिर्ण भवनको मर्मत संभार गरिनु पर्ने ।<br>– सरसफाइका निम्ति पानी तथा कार्यालयमा बत्तिको उचित व्यवस्थापन गरिनु पर्ने ।<br>– शौचालय सफा राखिनु पर्ने र आवश्यक सरसफाईका सामग्रीको व्यवस्थापन गरिनु पर्ने ।<br>**<u>कृषि सेवा कार्यालय</u>** :<br>○ कृषि सेवा केन्द्रहरुले प्रवाह गर्ने सेवाहरुको जानकारी बारेमा नागरिक वडा पत्रमा राखिनु पर्ने ।<br>○ कृषि सेवा केन्द्रद्धार संम्भाव्यता अध्ययन गरी उन्नत जातका विउ विजन निःशुल्क रुपमा उपलब्ध गराउन पर्ने ।<br>○ कृषि तथा पशुजन्य उत्पादनको बजारीकरणमा आवश्यक सहयोग गरिनुपर्ने ।<br>**<u>शिक्षा :</u>**<br>– शिक्षकहरुलाई तालिमको पुर्नताजगी तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनु पर्ने ।<br>– सरकारी विद्यालय अंग्रेजी माध्यमबाट अध्ययन अध्यापन शुरु गरिनु पर्ने ।<br>– एक विद्यालय, एक प्राविधिक शिक्षा लागु गरिनु पर्ने ।<br>– विद्यालयमा रहेका जिर्ण टिनका छाना विस्तापनमा विशेष प्राथमिकता दिनुपर्ने । |

## अनुसूची-४

## सार्वजनिक सुनवाईको समाचार प्रकाशन

यस प्रथम सार्वजनिक सुनुवाई कार्यक्रमको सामाचार न्यूज मानसरोवार अनलाईन दैनिक र मिशन टुडे दैनिक पत्रिका प्रकाशन भएको थियो ।



राष्ट्रिय 'क' वर्गको पत्रिका

www.missiontodaynews.com

'सूचनामा तपाईंसँगको साझेदारी'

# मिसन टुडे

नेपाल सम्वत् ११४५
वैशाख शुक्ल त्रयोदशी

काठमाडौं र कोहलपुरबाट एकैसाथ प्रकाशित

राष्ट्रिय दैनिक

वर्ष : १५ अंक ३१२ पृष्ठ ८ शनिबार २७ वैशाख २०८२ (SATURDAY 10 MAY 2025) मूल्य रु. १० E-mail: missiontodaydaily@gmail.com

## खजुराको दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ सम्पन्न

मिसन संवाददाता
खजुरा (बाँके), २६ वैशाख

खजुरा गाउँपालिकाले आफ्नो दोस्रो चौमासिक सार्वजनिक सुनवाइ सम्पन्न गरेको छ। खजुरा गाउँपालिकाको आयोजना तथा उत्पीडित सामुदायिक विकास केन्द्रको सहजीकरणमा उक्त दोस्रो चौमासिक सार्वजनिक सुनवाइ सम्पन्न गरेको हो ।

खजुरा गाउँपालिका वडा नं ८ को कार्यालय परिसरमा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा १ सय ४५ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा खजुरा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत बसबहादुर रानाले चौमासिक रूपमा गाउँपालिकाले सम्पन्न गरेका कामहरूको विवरण प्रस्तुत गरेका थिए। रानाले कूल बजेट २० करोड लागतमा ८० प्रतिशत योजनाहरू सम्पन्न हुन लागेको जानकारीसमेत गराए।

सार्वजनिक सुनवाइ कार्यक्रममा जनता आवास कार्यक्रम, सरसफाइ, कृषि उत्पादन, लुम्बिनी प्राविधिक विश्व विद्यालयको जग्गा मुआब्जा, स्वास्थ संस्थाहरूको सवलीकरण, विद्यालय सुधार, ढल निकास, विद्युतीकरण, सुकुम्वासी समस्या समाधान लगायतका प्रश्नहरू सोधिएको थियो। प्रमुख जवाफदेही वक्ता खजुरा गाउँपालिका अध्यक्ष डम्बरबहादुर विकले गाउँपालिकाले जनताका आधारभूत आवश्यकताहरूलाई परिपूर्ति गर्दै विकास निर्माणमा लागिरहेको बताए। उनले जनता आवास कार्यक्रम तथा विभिन्न संघसंस्था मार्फत् खरको छानामुक्त गर्ने अभियानमा गाउँपालिकाले काम गर्दै आइरहेको बताए।

विकले लुम्बिनी प्राविधिक विश्व विद्यालयको जग्गा मुआब्जाको विषय लुम्बिनी प्रदेश सरकारले गर्ने हुँदा आफूले सम्बन्धित निकायमा आवाज उठाइरहेको बताए। विकले सुकुम्वासी समस्या समाधान अर्को सरकार परिवर्तन नभए आफ्नै कार्यकालमा सम्पन्न हुने बताए। उनले ६ बुँदे प्रतिबद्धतासमेत जनाएका थिए।

## उवासंघ दैलेखको अ… थापा विजयी

मिसन संवाददाता
दैलेख, २६ वैशाख

उद्योग बाणिज्य संघ दैलेखको अध्यक्षमा नरेन्द्रबहादुर थापा निर्वाचित भएका छन्। १० औं अधिवेशनबाट अध्यक्षमा ३३१ मत प्राप्त नरेन्द्रबहादुर थापा निर्वाचित भएका हुन्।

निर्वाचन अधिकृत दैलेख बारका सचिव प्रेम थापाका अनुसार अध्यक्षका प्रतिद्वन्द्वी राजेशकुमार हमालले २१५ मत प्राप्त गरेका थिए। बिहीवार रातिदेखि थालिएको मतगणनाको अन्तिम परिमाण शुक्रबार बिहान घोषणा गरिएको थियो।

परिणामअनुसार बाँकी १६ जना सदस्यहरूमा पनि अध्यक्ष थापाको प्यानल नै निर्वाचित भएको छ।

निर्वाचित सदस्यहरूमा कुमार प्याकुरेल, गगनबहादुर कार्की, ध्रुवविक्रम थापा, प्रकाश गहतराज, राधा पंगाली ज्ञवाली, रामबहादुर बिक र सन्तोष श्रेष्ठ निर्वाचित भएका छन्। उनीहरू नेपाली काँग्रेस समर्थक हुन् भने नेकपा माओवादी केन्द्र निकट कविराज ठगुल्ला र भेषराज भण्डारी निर्वाचित भएका हुन्।

१६ मध्ये बाँकी सदस्यहरू ओमकार कोइराला, कालुसिंह बोगटी, गंगप्रसाद जैसी, पूण्यप्रसाद शर्मा, बिष्णुकुमारी जैसी र शंकर श्रेष्ठ नेकपा एम… निकट हुन्। १ जना सदस्य योगेन्द्रप्रसाद सिग्देल भने राष्ट्रि… प्रजातन्त्र पार्टी निकट निर्वाचि… भएका छन्।

पहिले शिक्षण पेशाबाट सेवा निवृत भएदेखि अघिल्ला ३ कार्यकाल दैलेख उद्योग बाणिज्य संघको

## मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अभिमुखीकरण

रबिन्द्र घिमिरे
जानकी (बाँके), २६ वैशाख

बाँकेको जानकी गाउँपालिकाले मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ।

दुई दिनसम्म सञ्चालन … तथा ओसारपसारविरुद्ध अभिमुखीकरण कार्यक्रम आज शनिबार समापन हुनेछ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरबहादुर विकले सहभागी महिला दिदीबहिनीहरूलाई अभिमुखीकरणमा राम्रो कुराको सिकाइ हुने भएकाले कार्यक्रम … सामाजिक विकास समितिका संयोजक रामआचल धोवीले जानकीका महिला दिदीबहिनीहरू कुनैपनि मानव बेचबिखन तथा ओसारपसारमा नपरुन् भनेर नै अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको बताए।

… संयोजक धोवी, कार्यपालिका सदस्यहरू कमलादेवी यादव र निर्मला हरिजन, योजना शाखाकी प्रमुख शोभा पौडल, प्रशासन प्रमुख गोपीचन्द्र चौलागाईं, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी सविता श्रेष्ठको उपस्थिती …

Karnali Pricince Government
Ministry of Social Development
Health Service Office, Jajarkot

**Invitation for Bids(IFB)**

IFB NO.: HSO/JKT/SQ/02/081/082
Date of First Publication: 2082/01/26(9th may 2025)

Last date for Bid Submission: On or before 12:00 Noon on 2082/02/11(25th may, 2025)Bid opening date and … (25th may, 2025) at Health service Office, Jajarkot.

1. Health Service Office, Jajarkot invites SQ from eligible domestic Forms or Suppliers for the Contracts nam…

| S.N. | Contract Identification Number | Name of project | Estimated Amount including Vat | Bid security Amount(NRs.) |
|---|---|---|---|---|
| | HSO/JKT/SQ/ | Suppliers for the | | |

NEWS mansarovar

# खजुरा गाउँपालिकाले सम्पन्न गर्यो सार्वजनिक सुनवाइ

न्युज मानसरोवर

10 Shares



बाँके/ खजुरा गाउँपालिकाले आफ्नो दोस्रो चौमासिक सार्वजनिक सुनवाइ सम्पन्न गरेको छ ।



खजुरा गाउँपालिकाको आयोजना तथा उत्पिडित सामुदायिक विकास केन्द्रको सहजिकरणमा उक्त दोस्रो चौमासिक सार्वजनिक सुनवाइ सम्पन्न गरेको हो । खजुरा गाउँपालिका वडा नं८ को कार्यालय प्रङगनमा १ सय ४५ जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा खजुरा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृ बस बहादुर रानाले चौमासिक रूपमा गाउँपालिकाले सम्पन्न गरेका कामहरूको विवरण प्रस्तुत गरेका थिए । रानाले कूल बजेट २० करोड मा ८० प्रतिशत योजनाहरू सम्पन्न हुन लागेको जानकारी समेत गराए ।

सार्वजनिक सुनवाइ कार्यक्रममा जनता आवस कार्यक्रम , सरसफाइ ,कृषि उत्पादन लुम्बिनी प्राविधिक विश्व विद्यालयको जग्गा मुवाब्जा , स्वास्थ संस्थाहरूको सवलिकरण , विद्यालय सुधार, ढल निकास , विधुतिकर ,सुकुम्बासी समस्या समाधान लगाएतका प्रश्नहरू सोधिएको थियो ।

प्रमुख जवाफदेही वक्ता खजुरा गाउँपालिका अध्यक्ष डम्बर बहादुर विकले गाउँपालिकाले जनताका आधारभूत आवश्यकताहरूलाई परिपुर्ति गर्दै विकास निर्माणमा लागिरहेको बताए ।

उनले जनता आवश कार्यक्रम तथा विभिन्न संघ सस्था मार्फत घरको छाना मुक्त गर्ने अभियानमा गाउँपालिकाले काम गर्दै आईरहेको बताए ।

विकले लुम्बिनी प्राविधिक विश्व विद्यालयलेको जग्गा मुवाब्जाको विषय लुम्बिनी प्रदेश सरकारले गर्ने हुदाँ आफुले सम्बन्धित निकायमा आवाज उठाईरहेको बताए । विकले सुकुम्बासी समस्या समाधान अर्को सरकार परिवर्तन नभए आफ्नै कार्यकालमा सम्पन्न हुने बताए । कार्यक्रममा ६ बुंदे प्रतिबद्धता जनाएका थिए ।

२६ बैशाख २०८२, शुक्रबार प्रकाशित



अनुसूची-४

## दोस्रो सार्वजनिक सुनुवाई कार्यक्रमका झलकहरुः



















खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २६ गते
स्थान : खजुरा-८, रनियापुर (बाँके)
सहजीकरण
उत्पीडित सामुदायिक विकास केन्द्र
(OCDC-Banke) बाँके


खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २६ गते
स्थान : खजुरा-८, रनियापुर (बाँके)


खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २६ गते
स्थान : खजुरा-८, रनियापुर (बाँके)
सहजीकरण
उत्पीडित सामुदायिक विकास केन्द्र
(OCDC-Banke) बाँके






खजुरा गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता विषयक
दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम
मिति : २०८२ वैशाख २६ गते
स्थान : खजुरा-८, रनियापुर (बाँके)
(OCDC-Banke) बाँके


दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम



















